नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयबाट जारी भएको

# सार्वजनिक सूचना

यस समितिको क्षेत्राधिकार अन्तर्गत रहेका सहकारी संस्थाहरूबाट ऋण लिएका ऋणी तथा बचतकर्ताहरूलाई सहकारी ऐन, नियम तथा कार्यविधि अनुसार सेवा प्राप्त गर्न सहज बनाउने उद्देश्यले यो सार्वजनिक सूचना जारी गरिएको छ।

१. समस्याग्रस्त सहकारीबाट लिएको ऋणमा तिर्न बाँकी रहेको ब्याज वा हर्जाना मिन्हा गर्ने अधिकार यस समितिलाई नभएको हुँदा यस सम्बन्धी परेका निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा गराइन्छ।

२. ऋणमा लिइने ब्याज र हर्जानाको गणना २०७६/०४/०१ देखि १६% का दरले र सो भन्दा अघि तमसुकमा उल्लेख भएको ब्याजदरमा हुनेछ। हर्जानाको हकमा तिर्न बाँकी ब्याज रकमको ५% दर कायम गरिएको छ।

३. ऋण र बचत रकम मिलान गर्दा रु. ५ लाखसम्म पुरै रकम र सो भन्दा बढी बचत रकमको हकमा ५०% (तर अधिकतम रु. ५० लाख भन्दा नबढ्ने गरी) मिलान हुनेछ। यो प्रक्रियामा ऋणीले तिर्नुपर्ने कुल

रकमको २०% रकम अनिवार्य रूपमा बैंकमा दाखिला गरी बाँकी ८०% को मात्र मिलान गर्न सकिनेछ।

४. ऋणीले नियमानुसार ऋण नतिरेमा वा ऋणी सम्पर्कमा नआएमा ऋण चुक्ता गर्ने सम्पूर्ण दायित्व तथा जिम्मेवारी जमानीकर्ताको हुनेछ।

५. ऋण पूर्ण रूपमा असुल उपर नभएसम्म ऋणी तथा जमानीकर्ता दुवैको नाममा रहेका बैंक खाताहरू रोक्का रहनेछन्। खाता फुकुवा सम्बन्धी निवेदन उपर कुनै कारबाही चलाइने छैन।

६. अन्य अचल सम्पत्तिबाट बचत मिलान गर्ने कार्य समितिबाट हालसम्म अबलम्बन नगरिएको। तर ऋणी र बचतकर्ता आपसमा मिली नगद/अचल सम्पत्ति लिई मेलमिलापका लागि समिति समक्ष निवेदन दिएमा कार्यविधिको दफा ५(११) बमोजिम तोकिएको शर्तमा मेलमिलाप पद्धति अबलम्बन गरिनेछ।

७. ऋण भुक्तान नगर्ने ऋणीका जमानीकर्ता र तोकिएका नातेदारहरुको समेत बैंक खाता रोक्का गरी प्रचलित कानून बमोजिम थप कारबाही हुन सक्नेछ।

८. रु. १ करोड वा सोभन्दा बढी बचत रहेका बचतकर्ताले तोकिएको स्वघोषणा फाराम भरी पेश गर्नुपर्नेछ। प्राप्त फारामको अध्ययन तथा छानबिन पछि मात्र अन्य प्रक्रिया अगाडि बढाइनेछ।

९. समितिले सहकारी ऐन नियम बमोजिम तयार गरिएको कार्यविधि अनुसार कार्य सम्पादन गर्दै आएकोले सोही अनुसार आधिकारिक माध्यमबाट मात्र कार्य गर्न अनुरोध छ। अन्य कुनै अनधिकृत व्यक्तिको भर

नपर्नुहोला; त्यस्ता व्यक्तिबाट भएका कामकारबाहीका लागि समिति जवाफदेही हुने छैन।

१०. ज्येष्ठ नागरिक, एकल महिला, तथा प्राणघातक रोग लागेका कानुन बमोजिम प्राथमिकता प्राप्त बचतकर्ताहरुबाट आवश्यक प्रमाण सहित निवेदन पर्न आएमा नियमानुसार वार्षिक एकपटक तोकिएको रकम बचत फिर्ता गर्न सकिनेछ।

११. समितिको समग्र काम कारबाहीको सम्बन्धमा मन्त्रालय समक्ष र समितिका कर्मचारीहरुको कामकारबाही सम्बन्धी गुनासो सदस्य सचिव समक्ष राख्न सकिनेछ।

१२. समितिको काम कारबाहीका सम्बन्धमा थप स्पष्टता वा अन्य जानकारी आवश्यक परेमा समितिको आधिकारिक वेबसाइट (www.coopmc.gov.np) मार्फत वा सूचना अधिकारीबाट प्राप्त गर्न सकिनेछ।